# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश नेपाल

प.सं.: ०७७/०७८
च.नं.: २४९

मिति : २०७७/०४/२७

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
कमल गाउँपालिका ।

प्रस्तुत विषयमा मिति २०७७/०४/२७ गते बसेको कार्यपालिका बैठकले यस गाउँपालिका भित्र कोभिड १९ व्यवस्थापनको लागि तपशिल अनुसारको निर्णय भएकोले स्थानीय उद्योग वाणिज्य संघ, बजार व्यवस्थापन समिति, टोल विकास समिति, स्थानीय संघ संस्थाहरुको समन्वयमा निर्णय कार्यान्वयन गर्न हुन अनुरोध गरिन्छ ।

तपशिल :

१. अत्यावश्यक सेवा बाहेकका अन्य व्यवसाय, पसल र होटलहरु विहान ८ बजेदेखि ४ बजेसम्म मात्र सन्चालनको व्यवस्था मिलाउने । व्यवसायीले अनिवार्य रुपमा सेनिटाइजर, साबुन पानीको प्रयोग गरी सामाजिक दुरी अपनाई मात्र सामानहरु बिक्री वितरणको व्यवस्था मिलाउने ।

२. अर्को सूचना जारी नहुन्जेलसम्मको लागि स्थानीय हाट बजारहरु पूर्ण रुपमा बन्द गर्ने ।

३. २५ जना भन्दा बढी मानिस जम्मा हुने गरि कुनै पनि प्रकारको सभा, भेला, सम्मेलनहरु सन्चालन गर्न नदिने/नगर्ने । उल्लेखित संख्यामा जम्मा हुँदा समेत अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गर्ने ।

४. सकेसम्म विवाह, ब्रतवन्ध, पुजा लगायतका कार्यहरु नगर्ने । गर्ने परेको अवस्थामा समेत २५ जना भन्दा बढी भेला हुन नदिने/नपाइने । उल्लेखित सख्यामा जम्मा हुँदा समेत अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गर्ने ।

५. सिटी सफारि, टेम्पो चालकहरुले अनिवार्य रुपमा मास्क र स्यानिटाइजरको प्रयोग गर्ने र एक पटकमा २ जना भन्दा बढी यात्रु नबोक्ने ।

६. अति आवश्यक काममा बाहेक मानिसहरु घर बाहिर हिंडडुल नगर्ने । निस्कनु पर्ने अवस्थामा अनिवार्य रुपमा मास्क लगाउने । मास्क नलगाई हिडडुल गर्ने लाई स्थानीय प्रहरीले नियमानुसार जरिवाना लिने ।

७. बैंक, वित्तीय संस्था तथा सहकारीहरुले सजगताका साथ स्वास्थ्य प्रोटाकलको पालना गरि नियमित रुपमा सेवा प्रवाह गर्ने ।

४/२६

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत